## प्रेस विज्ञप्ति

# एमसीसी नेपाल कम्प्याक्टको कार्यान्वयन थालनी मितिबारे पुनःविचार हुँदै

**काठमाडौँ, असार १५, २०७७।**

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसीए-नेपाल)ले मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) नेपाल कम्प्याक्ट कार्यान्वयनको तयारी चरणमा उल्लेख्य प्रगति हासिल गरिसकेको छ। हालैका दिनमा भने विश्वव्यापी कोभिड-१९ महामारी तथा संसदीय अनुमोदन प्रक्रियामा भएको ढिलाइका कारण कार्य प्रगतिमा अवरोध सिर्जना भएको हुँदा नेपाल कम्प्याक्ट कार्यान्वयन थालनी मिति (Date of Entry into Force) मा पुनःविचार आवश्यक देखिएको छ। अर्थात् पूर्वनिर्धारित मिति २०७७ असार १६ मा कम्प्याक्टको कार्यान्वयन थालनी हुन नसक्ने परिस्थिति हाम्रासामु देखापरेको अवस्था छ।

एमसिए-नेपाल कम्प्याक्टको कार्यान्वयन थालनी मितिमा प्रवेश गर्न र यस कार्यक्रमलाई अगाडि बढाउनका लागि छिटोभन्दा छिटो संसदीय अनुमोदनसहितका बाँकी सबै पूर्वशर्त पूरा गर्नका लागि सम्बन्धित सबै पक्षसँग क्रियाशील रहेको छ।

नेपाल कम्प्याक्टका सन्दर्भमा आमसञ्चार माध्यमले राख्दै आएको अभिरुचिप्रति धन्यवाद व्यक्त गर्दै हामी यसको कार्यान्वयनप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्न चाहन्छौँ। यससम्बन्धमा हासिल भएका नयाँ प्रगतिबारे हामी जानकारी गराउँदै जानेछौँ।

--------------------------------------समाप्त---------------------------------------

***टिप्पणी :***

एमसीसी नेपाल कम्प्याक्ट सर्वसाधारण तथा सञ्चार माध्यमको जानकारीका लागि एमसिए-नेपालको वेबसाइट https://mcanp.org/wp-content/uploads/2019/04/Millennium_Challenge_Compact.pdf मा उपलब्ध छ।



**2nd & 3rd Floor, East Wing, Lal Durbar Convention Centre, Yak & Yeti Complex, Durbar Marg, Kathmandu**
**+977-01-4238353/4238392 | info@mcanp.org | www.mcanp.org**